# सखुवा प्रसौनीगाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

पत्र संख्या : ०७९।०८०
चलानी नं. : 9

मितिः २०७९।०४।०१

**विषयः- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको परिचयपत्र नवीकरण गर्ने सम्बन्धमा ।**

श्री वडा कार्यालय सबै
सखुवा प्रसौनी गाउँपालिका, पर्सा ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ (पहिलो संशोधन) को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०७९ श्रावण १ गते देखि भाद्र मसान्त सम्ममा सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई अनिवार्य रुपमा तपसिल बमोजिमका आवश्यक कागजातहरु सहित सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु हुन सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै बालबालिका, पुर्ण अपाङ्गता भएका, ९० बर्ष माथिका जेष्ठ नागरिक र आफै उपस्थित हुन नसक्नेको हकमा संरक्षक वा स्याहार सुसार गर्ने ब्यक्तिले निवेदन दिन सक्नेछ ।

तपसिलः

आवश्यक कागजातहरु

१. नागरिकता प्रमाणपत्र ।
२. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति ।
३. बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको र संरक्षकको नागरिकताको प्रमाणपत्र ।
४. अपाङ्गताको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्र ।
५. नेपाल बैंकमा खोलिएका खाता नम्बर प्रष्ट बुझने ।
६. विधुवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्र र एकल महिलाको हकमा अर्को विवाह नगरेको प्रमाणपत्र ।

नोटः तोकिएको समयभित्र नवीकरण नगरेमा स्वयं लाभग्राही जिम्मेवार हुनेछ । आवश्यक समन्वय र सहयोगका लागि पञ्जीकरण सेवा इकाइमा सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८६५२२९६१०, ९८४५२६२५९१

देवनाथ साह
प्रमुख प्रशासकीय अधिकृत

**देवनाथ साह**
प्रमुख प्रशासकीय अधिकृत